# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ०४ जेठ २०८१

# शुक्रवार

# बैठक सङ्ख्या- ४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:३४ बजे प्रारम्भ भयो।

**(१३:३४ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिनुभएको)।

माननीय सदस्यहरू, यो राष्ट्रिय सभाको यो अधिवेश सोह्रौं अधिवेशन प्रारम्भ भएसी चौथो बैठक बस्दैछ  आज। चौथो बैठकसम्म हाम्रा प्रक्रियाहरू साइकलको चक्का घुम्या झैं त्यहीं घुम्या घुम्यै घुम्या घुम्यै जस्तै भयो। हामीले नयाँ चिज दिनै नसक्ने जस्तो स्थिति पैदा भयो। यसो हेर्दै जाँदा कस्तो देखिने भयो भने माननीयज्यूहरू, हामी सबै, म एक यो ठाउँमा छु, मेरो लगायत हामी सबै चाहिँ अब नयाँ निकास कि ठ्याक्कै यहीं उत्पत्ति भएको समस्या भएको भए पनि एउटा खालको हुन्थ्यो। समस्या यहाँ उत्पत्ति भएको होइन समस्या कहीं उत्पत्ति भयो। अब त्यसलाई समर्थन र विरोध गर्छौं भन्दै जाँदा हामी यहाँ गोलचक्करमा हामी यहाँ फस्न पुगेको जस्तो feeling हुन्छ कहिले

कहिले। त्यसले गर्दा अलि नयाँ ढङ्गले सोच्न खोज्ने भन्ने कुरा नि भयो। हामी बसेको पनि यहिले हामी सबै डेढ घण्टा हामी सबै बस्यौं, त्यो भएन। अब त्यसले गर्दा अब यो सधैं यही ढङ्गले गर्ने भन्दा पनि केही विषयवस्तुहरू जस्तो अब सामान्यतया त सरकार, सरकार भन्दा पनि राष्ट्रपति कार्यालयका दैनिक कामहरूबाट आएका सूचनाहरू, सूचना भनौं न। त्यो पनि कुनै निर्देशन पनि होइन, केही पनि होइन, सूचनाका पत्रहरू छन् त्यस्ता पनि हामी गर्न नसक्ने जस्तो स्थिति जो बनेको छ। त्यसले गर्दा केही चिजहरू जहाँ नेर गएर सरकारकै कामको अप्ठ्यारो परिस्थिति, सरकारको कामप्रति यहाँहरूको विरोध हो भने त्यस्तोमा चाहिँ त सकिन्थ्यो। मैले हिजो पनि भनेको थिएँ। अब नीति कार्यक्रम राष्ट्रपतिजीले प्रस्तुत गर्नुभयो।त्यो नीति कार्यक्रम प्रस्तुत गर्नुभयो, राष्ट्रपति सम्माननीय राष्ट्रपति आउनुभो। तपाईंलाई हामी धन्यवाद दिन्छौं सम्म पनि भन्न पनि हिच्किचायौं हामी सबै हिच्किचायो भनौं न। पढ्न चाहिँ दिने, दुई ढाई घण्टा बिचरा पढ्नुभयो उहाँले, त्यत्रो स्थिति मा चाँहि जहाँ अगाडि पढ्नु पनि गर्नुभयो, मेहनत गर्नु भो सम्माननीय राष्ट्रपतिजीले तर हामी धन्यवाद दिन नि कन्जुस्याईं हुन पुग्यो भनौं न अब। त्यसले गर्दा मिल्छ भने हामी केही अगाडि बढौं भनेर म अनुरोध गर्दै केही हदसम्म अगाडि बढाउनको निम्ति म हार्दिक अनुरोध गर्छु। यथास्थितिमा माननीयज्यूहरूलाई बस्न अनुरोध गर्छु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

माननीय सदस्यहरू, मैले बस्न अनुरोध गर्दा बस्ने छाँटकाँट देखिनँ मैले। यसको अर्थ चाहिँ अब बोल्ने कुरा उही नै कुरा दोहोरिने, तेहेरिने मात्रै हो भने मैले अब यो बैठक।

राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ ६ गते आइतबार अपराह्न ०१: १५ मा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ ६ गते आइतबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी स्थगित भयो)।

**स्थगितः १३:३८ बजे।**